# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- ०८३/०८४
च.नं. :-

**सेवा करार सम्बन्धी सूचना**
**(दोस्रो पटक पुनः विज्ञापन)**
**सूचना प्रकाशित मितिः २०८३/०५/०१**

यस किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०४/१४ गते प्रकाशित सेवा करार सम्बन्धी सूचना बमोजिम देहायको पदमा कर्मचारी छनोटका लागि दरखास्त आह्वान गरिएकोमा तोकिएको म्यादभित्र कुनै पनि उम्मेदवारको दरखास्त पर्न नआएको हुँदा उक्त पदमा योग्य तथा इच्छुक नेपाली नागरिकहरूबाट देहायका शर्तहरूको अधीनमा रही दोस्रो पटक पुनः दरखास्त आह्वान गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शैक्षिक योग्यता तथा अनुभव :**

| क्र.सं. | विज्ञापन नं. | सेवा करारमा रहने पद | संख्या | नियुक्तिको किसिम | योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०८३/८४ | अ.न.मी. (चौथो) | १(एक) | सेवा करार | मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM कोर्स उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको (SBA तालिम प्राप्त गरेकालाई विशेष प्राथमिकता दिइनेछ) । | |

**दरखास्त सम्बन्धी शर्तहरू :**

१. **आवेदन फारामः** किस्पाङ गाउँपालिकाको Website https://kispangmun.gov.np बाट आवेदन फाराम प्राप्त गर्न सकिनेछ।

२. **दरखास्त दिने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन, कार्यालय समयभित्र दरखास्त पेश गर्नुपर्नेछ। अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनमा दरखास्त पेश गर्न सकिनेछ।

३. **आवेदन बुझाउने स्थानः** किस्पाङ गाउँपालिकाको कार्यालय, काहुले, नुवाकोट।

४. **परीक्षाको किसिमः** किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७४ बमोजिम हुनेछ।

५. **उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

६. **सम्पर्क मितिः** दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट।

७. **परीक्षा मितिः** सम्पर्क मितिमा तोकिनेछ।

८. **पारिश्रमिक तथा सेवा सुविधाः** सेवा करार सम्झौता अनुसार हुनेछ।

९. **आवेदन शुल्कः** रु. ३००।- (तीन सय मात्र)।

१०. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
- पासपोर्ट साइजको फोटो २ प्रति ।
- अनुभव वा अन्य आवश्यक कागजात भए सोको प्रमाणित प्रतिलिपि।

पुनश्चः यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानून तथा किस्पाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७४ बमोजिम हुनेछ।

२०८३/५/१

चक्र बहादुर शाही
(नि.प्रमुख प्रशासकीय अधिकृत)